Symbol No:.....

RE-2011'B'

SEE 2080 (2024)
ऐच्छिक प्रथम अर्थशास्त्र

समय : ३ घण्टा

पूर्णाङ्क : ७५

दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् :

समूह 'क' (Group 'A')

तलका प्रश्नहरूको अति छोटो उत्तर दिनुहोस् : (११×१=११)

Give very short answer to the following questions:

१. उत्पादकले वस्तु तथा सेवाको उत्पादन गर्दा लाग्ने खर्चलाई के भनिन्छ ?
What is the cost incurred by the producer when producing goods and services?

२. यदि ५० ओटा वस्तु बिक्री गर्दा कुल आय रु.२,००० प्राप्त हुन्छ भने, त्यसको औसत आय पत्ता लगाउनुहोस् ।
If the total revenue received by selling 50 units of commodity is Rs. 2000, find the average revenue.

३. कुन बजारमा निकट प्रतिस्थापन वस्तुको अभाव हुने महत्त्वपूर्ण विशेषता रहेको हुन्छ ?
Which market is characterized by a lack of close substitute goods?

४. वास्तविक ज्यालालाई प्रभाव पार्ने मुख्य दुई तत्त्वहरू के के हुन् ?
What are the major two factors that affect actual wages?

५. नेपाल राष्ट्र बैङ्कको स्थापना कहिले भएको थियो ?
When was the Nepal Rastra Bank Established?

६. मुद्राका प्राथमिक कार्यहरू के के हुन् ?
What are the primary functions of money?

७. समानुपातिक करका कुनै दुई सबल पक्षहरू लेख्नुहोस् ।
Write down any two strengths of proportional tax.

८. HDI को विस्तारित रूप लेख्नुहोस् ।
Write the full form of HDI.

९. अन्तर्राष्ट्रिय व्यापारको कुनै दुईओटा महत्त्व लेख्नुहोस् ।
Write two importance of international trade.

क्रमशः

१०. प्रतिकूल व्यापार नीति भनेको के हो ?
What do you mean by unfavorable trade policy?

११. तथ्याङ्कका स्रोतहरूको सूची तयार गर्नुहोस् ।
List out the sources of Statistics.

समूह 'ख' (Group 'B')

तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् : (८×५=४०)
Give short answer to the following questions:

१२. तलको तालिकालाई पूरा गरी रेखा चित्रमा कुल, औसत र सीमान्त आय देखाउनुहोस् ।
Complete the following table and show TR,AR and MR in Curve diagram.

परिमाण (Q)	मूल्य (P)	कुल आय (TR)	औसत आय (AR)	सीमान्त आय (MR)
1	5	5	5	5
2	5	10	5	5
3	5	15	5	5
4	5	20	5	5
5	5	25	5	5

१३. नेपालको सन्दर्भमा एकाधिकार बजारको पहिचान गरी यसका कुनै चार विशेषताहरू सङ्क्षिप्तमा व्याख्या गर्नुहोस् ।
Identify the monopolistic market in the context of Nepal and briefly explain its four features.

१४. लगान भनेको के हो ? लगानका प्रकारहरूको व्याख्या गर्नुहोस् ।
What is rent? Describe the types of rent.

अथवा (or)

ज्यालाको जीवन निर्वाह सिद्धान्तको व्याख्या गर्नुहोस् ।
Explain the subsistence theory of wages.

१५. आर्थिक विकासका सूचकहरू सङ्क्षेपमा वर्णन गर्नुहोस् ।
Briefly describe the indicators of economic development.

अथवा (or)

विकासोन्मुख देशका कुनै पाँच विशेषताहरू छोटकरीमा वर्णन गर्नुहोस् ।
Briefly explain any five characteristics of developing country.

क्रमशः

१६. नेपालमा SAFTA मा देखिएको बढ्दो चुनौती न्यूनीकरणका कुनै पाँचओटा उपाय खोजी गर्नुहोस् ।
Find any five ways to minimize the growing challenges in SAFTA.

१७. नेपालमा आर्थिक योजना निर्माणका चरणहरू छोटकरीमा वर्णन गर्नुहोस् ।
Briefly describe the steps of plan formulation process in Nepal.

१८. तथ्याङ्क वर्गीकरणका मुख्य विधिहरू उल्लेख गर्नुहोस् ।
Mention the major methods of classification of data.

१९. तलको तथ्याङ्कबाट प्रतिशत स्तम्भ चित्र रचना गर्नुहोस् ।
Construct a percentage bar diagram from the following data.

खर्च शीर्षक (Expenses Items)	खाना (Food)	लत्ताकपडा (Clothing)	शिक्षा (Education)	औषधी (Medicine)	अन्य (Others)
खर्च रु. मा (Expenditure in Rs.)	1600	1000	800	400	200

समूह 'ग' (Group 'C')

तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् : (३×८=२४)

Give long answer to the following questions:

२० वाणिज्य बैङ्कको परिचय दिनुहोस् । नेपालको सन्दर्भमा वाणिज्य बैङ्कका कुनै चार कार्यहरूको वर्णन गर्नुहोस् ।
Introduce commercial Bank. Explain any four functions of commercial banks in the context of Nepal.

२१. सरकारी खर्च भनेको के हो ? देशको समग्र आर्थिक विकासमा यसको महत्त्वका सन्दर्भमा आफ्नो दृष्टिकोण प्रस्तुत गर्नुहोस् ।
What is public expenditure? Present your view on its importance on overall economic development of nation.

RE-2011'B'

२२. तलको तथ्याङ्कबाट मध्यक र मध्यिका निकाली नतिजा तुलना गर्नुहोस् ।
Compute Mean and median from the following data and also compare results.

दैनिक ज्याला (रु.) (Daily Wages in Rs.)	0-10	10-20	20-30	30-40	40-50
कामदारको सङ्ख्या (Number of workers)	4	12	12	10	8

वा (or)

तलका तथ्याङ्कबाट सन् २०१९ लाई आधार वर्षको रूपमा लिएर सन् २०२३ का लागि लेस्पियर र पास्चेको मूल्य सूचकाङ्क गणना गरी नतिजा तुलना गर्नुहोस् :
Compute and compare the results of Laspeyre's and Paasche's price index numbers from the following data for the year 2023 by taking 2019 as the base year.

वस्तुहरू (Commodities)	सन् २०१९ आधार वर्ष (Base year)		सन् २०२३ चालु वर्ष (Current year)	
	मूल्य Price (Rs)	परिमाण Quantity (kg)	मूल्य Price (Rs)	परिमाण Quantity (kg)
A	5	4	6	10
B	3	2	4	8
C	2	3	3	7
D	1	2	3	5